नेपाल सरकार

शान्ति तथा पुनर्निर्माण मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

शान्ति सञ्चार अभियान एफ.एम.रेडियो कार्यक्रमको उत्पादन र प्रसारण सम्बन्धी बोलपत्र आह्वानको सूचना

ठेक्का नं. ४/०६७/०६८

प्रथम पटक प्रकाशित मिति २०६८/१/५

चालू आर्थिक वर्ष २०६७/०६८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस मन्त्रालयद्वारा सञ्चालित पुनर्निर्माण, पुनर्स्थापना तथा शान्ति प्रवर्द्धनका लागि भए गरेका क्रियाकलापहरु जनचेतनामूलक कार्यक्रम मार्फत् नागरिकहरुलाई सुसूचित गराउन एफ.एम. रेडियो कार्यक्रमको उत्पादन तथा प्रसारण गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म, संस्था वा कम्पनीबाट निम्नलिखित शर्तहरूको अधीनमा रही रितपूर्वक बोलपत्र आह्वान गरिएको छ ।

तपसिल

१. बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र यस मन्त्रालयको जिन्सी शाखाबाट फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, एफ.एम्. रेडियो प्रसारणको लागि नेपाल सरकारको आधिकारिक निकायबाट चालु आ.व.को लागि नविकरण भएको इजाजतपत्र, आयकर एवं मु.अ. कर दर्ता प्रमाणपत्र, गत आ.व.को कर चुक्ता प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित गरिएको प्रमाणित प्रतिलिपि संलग्न राखी रितपूर्वकको निवेदन दिई रु.१०००।- राजश्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ ।

२. खरिद भएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे सम्म यस मन्त्रालयको नाममा सम्बोधन गरी ठेक्का नं., कामको विवरण, बोलपत्रवालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी यस मन्त्रालयको सार्वजनिक खरिद इकाई (कोठा नं. २१४) मा दर्ता गराउनु पर्नेछ ।

३. दर्ता भएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १४:०० बजे बोलपत्रवाला वा निजहरुका प्रतिनिधि र कार्यालयको प्रतिनिधिको रोहवरमा यस मन्त्रालयको सभाहलमा खोलिने छ । बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन । बोलपत्रवालाको प्रतिनिधि आउदा फर्मको आधिकारीक पत्र र परिचय पत्र सहित आउनु पर्नेछ ।

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. सिलवन्दी बोलपत्र साथ जमानत वापत कबोल अंकको २.५ प्रतिशत रकम यस मन्त्रालयको एभरेष्ट बैंक लिमिटेड सिंहदरबार शाखामा रहेको १३५०१० धरौटी खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस मन्त्रालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको विडबण्ड पेश गर्नुपर्नेछ ।

६. बोलपत्रवालाले बोलपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर वाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । बोलपत्रमा उल्लेखित सबै आइटमको दररेट भर्नुपर्ने छ ।

७. बोलपत्रमा आइटमवाइज दर, अंक र अक्षर दुबैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरबीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा बोलपत्रवालाको सहीछाप भएको हुनुपर्नेछ । बोलपत्र फाराममा टिपेक्स प्रयोग नगर्नुहुन अनुरोध छ ।

८. मन्त्रालयबाट बिक्री भएको बोलपत्र फारममा उल्लेख भएका विवरणहरु अध्ययन गरी सोसँग सम्बन्धित कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै बोलपत्रको सबै पानाहरुमा बोलपत्रदाताको हस्ताक्षर र फर्म/संस्थाको छाप हुनुपर्नेछ ।

९. बढी भन्दा बढी स्रोतामाझ शान्तिसम्बन्धी अभियान कार्यक्रमको जानकारी पुऱ्याउनु मन्त्रालयको उद्देश्य रहेको हुँदा हप्ताको २ पटक विहान ६:४५ वजे देखि ९:०० वजेसम्म वा वेलुका ६:४५ वजे देखि ९:०० वजे सम्मको समय भित्र पर्ने गरी ३० मिनेट प्रशारण गर्नु पर्नेछ ।

१०. बोलपत्रदाताको देशभरीका बढि जिल्लाहरुमा कार्यक्रम प्रसारण गर्न सक्ने आफ्नै सञ्जाल (Network) हुनु पर्नेछ । आफ्नै सञ्जाल नभएमा त्यस्तो सञ्जाल भएको प्रसारण संस्थासँग आवद्धता भएको सहमति पत्र अनिवार्य संलग्न गर्नुपर्नेछ ।

११. उत्पादन भएको कार्यक्रम १४ वटै अञ्चलका कम्तिमा ५० जिल्ला समेटिने गरी प्रसारण हुने व्यवस्था गर्नु पर्ने छ ।

१२. बोलपत्रदाताले खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजायँ नपाएको भनी लिखित कागजात पेश गर्नुपर्नेछ ।

१३. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१४. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को फर्म वा व्यक्तिको नामबाट दाखिला गर्न पाइने छैन ।

१५. बोलपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने, सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहने छ ।

१६. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१७. बोलपत्रमा उल्लेखीत विषयमा थप जानकारी आवश्यक भएमा शान्ति तथा पुनर्निर्माण मन्त्रालय सूचना तथा जनसम्पर्क शाखा वा सार्वजनिक खरिद इकाईमा कार्यालय समयमा सम्पर्क राखी वा फोन नं. ४२०००२३/४२००००५ मा फोन गरी बुझ्न सकिने छ ।

१८. लागत अनुमान :

क्र.सं.	कामको विवरण	लागत अनुमान (मु.अ.क.बाहेक) रु.
१	**शान्ति सञ्चार अभियान एफ.एम. रेडियो कार्यक्रम उत्पादन र प्रसारण गर्ने ।**	
	(क) कार्यक्रम उत्पादन तर्फ (८ उत्पादन)	९२,०००।-
	(ख) कार्यक्रम प्रशारण तर्फ (७५ जिल्ला)	१०,२०,०००।-
	कूल जम्मा	**११,१२,०००।-**